अमरगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डडेल्धुरा

फोन ०९६४१०२२२, ०९६४१००५२, ०९६४१००२२

सुदूरपश्चिम प्रदेश नेपाल

प.स.०८१/०८२

च .नं.

## नगर प्रहरी करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मितिः २०८१/०६/०४**

यस अमरगढी नगरपालिकामा देहायको संख्यामा नगर प्रहरी कर्मचारी करारमा राख्नुपर्ने भएकाले योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिएको छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले यस नगरपालिकाको वेबसाइट www.amargadhimun.gov.np बाट दरखास्त फाराम डाउनलोड वा नगरपालिकाको प्रशासन शाखाबाट दरखास्त फाराम प्राप्त गरी बिज्ञापन प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र आवश्यक कागजात सहित नगरपालिकाको प्रशासन शाखामा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

१. **आवश्यक माग पद संख्या** :- ११(एघार )

| क्र. सं. | विज्ञापन नं. | पद | खुला संख्या | समावेशी | | जम्मा माग संख्या |
|---|---|---|---|---|---|---|
| | | | | महिला | आ./ज./मधेशी/दलित | |
| १. | ०२/०८१/०८२ | नगर प्रहरी नायव निरीक्षक | १ | - | - | १ |
| २. | ०३/०८१/०८२ | नगर प्रहरी हवल्दार | १ | - | - | १ |
| ३. | ०४/०८१/०८२ | नगर प्रहरी जवान | ५ | २ | २ | ९ |

२ **दरखास्त बुझाउने अन्तिम मितिः**- प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन सम्म, अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भीत्र ।

३ **पारिश्रमीक तथा सुविधाः** नगरपालिकाको निर्णय अनुसार ।

४ **करार अवधिः** सुरुमा ६ महिना तत् पश्चात कार्य सम्पादनका आधारमा थप हुन सक्ने ।

नि.प्रमुख प्रशासकीय अधिकृत

"व्यवसायिक र सिर्जनशिल प्रशासनः विकास, समृद्धि र सुशासन"

website: www.amargadhimun.gov.np e-mail: ito.amargadhimun@gmail.com

फोन ०९६४१०२२२, ०९६४१००५२, ०९६४१००२२
सुदूरपश्चिम प्रदेश नेपाल

प.स.०८१/०८२
च .नं.

५ **दरखास्त दस्तुर:**

| क्र. सं. | पद | राजस्व (दस्तुर) | कैफियत |
|---|---|---|---|
| १. | नगर प्रहरी नायव निरीक्षक | राजस्व दस्तुर बापत रु. ७००(सात सय मात्र) । | दरखास्त फाराम संग राजश्व बुझाएको सक्कलै रसीद संलग्न गर्नुपर्नेछ। |
| २. | नगर प्रहरी हवल्दार | राजस्व दस्तुर बापत रु. ५००(पाँच सय मात्र) | |
| ३. | नगर प्रहरी जवान | राजस्व दस्तुर बापत रु. ४००(चार सय मात्र) | |

६ **आवश्यक योग्यता तथा अन्य विवरण:**

(क) नगर प्रहरी नायव निरीक्षक (सहायक स्तर पाचौं) पदको लागि कम्तीमा नेपाली सेनामा सुवेदार पदमा वा नेपाल प्रहरी, वा नेपाल सशस्त्र प्रहरीको नायव निरीक्षक (सई) पदमा रही कामकाज गरी स्वच्छिक अवकास वा अनिवार्य अवकास प्राप्त गरेको।

(ख) नगर प्रहरी हवल्दार (सहायक स्तर तृतीय) पदको लागि कम्तीमा नेपाली सेनाको हवल्दार पदमा वा नेपाल प्रहरी वा नेपाल सशस्त्र प्रहरीको हवल्दार पदमा रही कामकाज गरी स्वच्छिक अवकास वा अनिवार्य अवकास प्राप्त गरेको।

(ग) नगर प्रहरी जवान पदको लागि नेपाली सेना वा नेपाल प्रहरी वा सशस्त्र प्रहरीको जवान पदमा रही कामकाज गरी स्वच्छिक अवकास वा अनिवार्य अवकास प्राप्त गरेको।

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोमा सजाय नपाएको।

(ङ) कुनै राजनीतिक दलको सदस्य नरहेको।

(च) मानव अधिकार र मानविय कानूनको उल्लङ्घनमा सजाय नपाएको।

नि.प्रमुख प्रशासकीय अधिकृत

(छ) उचाइ, छाती, तौल र आँखा:-

| क्र. सं. | विवरण | पुरुष (न्यूनतम) | महिला (न्यूनतम) |
|---|---|---|---|
| १ | उचाई | कम्तिमा ५ फिट २ इन्च | कम्तिमा ५ फिट |
| २ | छाती | नफुलाउदा ३१ईन्च र फुलाउदा ३३ इन्च | – |
| ३ | वजन | कम्तिमा ५० के. जी | कम्तिमा ४५ के. जी. |
| ४ | आँखा परीक्षण | प्लस २ वा माइनस २ भन्दा बढी कमजोर नभएको वा सो सरहको आँखा जाँच रिपोर्ट | प्लस २ वा माइनस २ भन्दा बढी कमजोर नभएको वा सो सरहको आँखा जाँच रिपोर्ट |

७. **उम्मेदवारको उमेर हद** :-
नगर प्रहरी नायव निरीक्षक र नगर प्रहरी हवल्दारको हकमा दरखास्त वुझाउने अन्तिम मिति सम्म २१ वर्ष पुरा भइ ५० वर्ष उमेर ननाघेको । नगर प्रहरी जवानको हकमा दरखास्त वुझाउने अन्तिम मिति सम्म १८ वर्ष पूरा भइ ४५ वर्ष उमेर ननाघेको ।

८. **दरखास्त साथ समावेश गर्नुपर्ने कागजातहरु** :-आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमको कागजातहरु संलग्न गर्नुपर्नेछः

क) नेपाली नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी - १(एक) प्रति,
ख) हालसालै खिचेको पुरै मुखाकृति (दुवै कान समेत) प्रष्ट देखिने एकै किसिमको पासपोर्ट साइजको फोटो (पुरुषको अकमा दाही र कपाल काटेको) - ३ (तीन) प्रति,
ग) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
घ) नेपाल सरकारको सुरक्षा सेवाबाट निवृत्त भएको सेवा निवृत्त प्रमाणपत्रको प्रतिलिपि,
ङ) नेपाल मेडिकल काउन्सिलबाट मान्यता प्राप्त चिकित्सकले दिएको निरोगिता प्रमाणपत्र ,
च) सम्बन्धित इलाका वा नजिकको प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाण पत्र,
छ) आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि - १/१ (एक/एक) प्रति (चारित्रिक, स्थायी वा प्रोभिजनल प्रमाणपत्र र मार्कशिट सहित तथा नेपाल बाहिर अध्ययन गरेको हकमा सम्बन्धित निकायबाट समकक्षता निर्धारणको प्रमाण पत्र Equivalent Certificate),

प्रमुख प्रशासकीय अधिकृत

ज) **आदिवासी/जनजातिका** हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तह/ निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात,

झ) **मधेशीका** हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनि प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकासन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानिय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनि प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपि,

ञ) **दलितका** हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धीत स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराएको कागजात।

९. **परीक्षाको विधि** :-

क) संक्षिप्त सुची

ख) शारीरिक तन्दुरुस्ती/अभ्यास परीक्षण

ग) अन्तर्वार्ता

**९. सम्पर्क मिति** :- २०८१/०७/०४ गते कार्यालय समय भित्र।

**१०. परीक्षा केन्द्र र परीक्षा मिति** :- सम्पर्क मितिमा तोकिनेछ।

**११.** अमरगढी नगरपालिका क्षेत्रभित्रका उम्मेदवारहरुलाई विशेष ग्राह्यता प्रदान गरिनेछ।

**१२.** अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

**पुनश्चः**

१. अघिल्लो चरणमा उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराइनेछ।

२. खुला र समावेशी तर्फको एकिकृत परीक्षा संचालन गरिनेछ र निजहरुले प्राप्त गरेको अंकको आधारमा समावेशी तर्फका उम्मेदवारहरु बिच मात्र छुट्टा-छुट्टै प्रतिस्पर्धा गराइ पदपूर्ति गरीनेछ।

...................
**मिन राज ओझा**
**नि प्रमुख प्रशासकीय अधिकृत**
नि.प्रमुख प्रशासकीय अधिकृत